
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २७ गते सोमबार ❑ 11 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## प्रधानमन्त्री देउवासँग विदेश विभाग प्रमुख लिउको भेट

रासस
काठमाडौं, २६ असार

प्रधानमन्त्री शेरबहादुर देउवासँग चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियन्चओले शिष्टाचार भेटवार्ता गर्नुभएको छ।



प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको भेटमा उहाँहरूबीच दुई पक्षीय आपसीहितका विविध विषयमा भेट भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जियानचाओले कुनै पनि देशसँग चीनको सम्बन्ध विचारधाराद्वारा निर्देशित नहुने बताएका छन् । तीन दिने नेपाल भ्रमणमा आएका लिउले आइतबार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर नेपालमा जुन पार्टीको सरकार भए पनि चीनले मिलेर काम गर्न चाहेको स्पष्ट पारेका हुन् ।

नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री देउवासँग भएको भेटमा लिउले पार्टीको हिसाबमा नेपालमा सबभन्दा पहिले कांग्रेससँग सम्बन्ध स्थापित गरेको स्मरण गर्दै यस सम्बन्धलाई थप बलियो बनाउन चाहेको बताए ।

तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाले सन् १९६४ गरेको चीन भ्रमण र चीनलाई संयुक्त राष्ट्रसंघ (यूएन) को सदस्य राष्ट्र बनाउनका लागि खेलेको भूमिकालाई पनि उनले स्मरण गरेका थिए । उनले देउवासँग नेपाल वा कुनै पनि देशसँगको चीनको समबन्ध विचारधाराद्वारा निर्देशित नहुने समेत स्परष्ट पारे । 'नेपालमा जुनसुकै पार्टीको सरकार भए पनि चीन मिलेर काम गर्छ । हाम्रो कुनै पनि मुलुकसँगको सम्बन्ध विचारद्वारा निर्देशित हुँदैन,' लिउको भनाइ उद्धृत गर्दै देउवाका प्रेस संयोजक गोविन्द परियारले भने, 'चीन हाम्रो सुरक्षा चासो र एक चीन नीतिमा नेपालको समर्थन रहन्छ भन्ने विश्वास गर्छ भन्नुभयो ।'

जवाफमा प्रधानमन्त्री देउवाले नेपालले सबै छिमेकीसँग मिलेर काम गर्न चाहेको र एक चीन नीतिमा प्रतिबद्ध रहेको बताएका छन् । गत महिना मात्रै पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुखको जिम्मेवारी पाएकोमा लिउलाई बधाई दिँदै देउवाले नेपाली भूमि आफ्नो छिमेकीविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता व्यक्त गरे । 'नेपाल र चीनबीच लामो कूटनीतिक सम्बन्ध छ। हामी यस सम्बन्धलाई थप राम्रो बनाउन चाहन्छौँ,' देउवाले भेटका क्रममा भने, 'नेपाल सबै छिमेकीसँग मिलेर काम गर्छ । एक चीन नीतिमा पनि हामी उत्तिकै प्रतिबद्ध छौं ।'

प्रधानमन्त्री देउवाले चिनियाँ नेता लिउलाई आफू एक चीन नीतिमा प्रतिबद्ध रहेकै कारण नेपालमा रहेको दलाइ लामाको सम्पर्क कार्यालय हटाएको भन्दै विश्वस्त तुल्याए । 'नेपालका कुनै पनि प्रधानमन्त्रीले नहटाएको दलाइ लामाको सम्पर्क कार्यालय मैरै पालामा हटाएको हुँ,' उनले भने, 'अब पनि हामी चीनविरुद्ध कुनै पनि प्रकारका गतिविधि नेपालको भूमिमा हुन दिँदैनौं ।' यसै गरी परराष्ट्रमन्त्री डा नारायण खड्का र चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचाओबीच शिष्टाचार भेटवार्ता भएको छ। मन्त्रालयमा भएको भेटमा उहाँहरूबीच द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ तुल्याउने विषयमा विचारविमर्श भएको मन्त्रालयले जनाएको छ।

## पोखरा महानगरको आठ अर्ब ७७ करोड बजेट पारित

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखरा महानगरपालिकाको आज बसेको नगरसभाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि रु आठ अर्ब ७७ करोड ७५ लाख ५५ हजार बराबरको बजेट पारित गरेको छ।

गत असार १० गते उपप्रमुख मञ्जुदेवी गुरुङले ११औँ नगरसभामा प्रस्तुत गर्नुभएको बजेट कार्यक्रम सभामा छलफलपछि सर्वसम्मत पारित गरिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । महानगरपालिकाले आगामी वर्ष चालु वर्षको भन्दा रु दुई अर्ब ३६ करोड ६५ लाख ५५ हजार बढी बजेट ल्याएको छ। चालु आवमा महानगरको बजेट रु छ अर्ब ४१ करोड १० लाख थियो । यसैगरी नगरसभाले न्यायिक समिति, लेखा समिति र विधायन समिति गठन गरेको छ। न्यायिक समितिको संयोजक महानगरका उपप्रमुख गुरुङको संयोजकत्वमा भावना श्रेष्ठ र कालिदाश पोखरेल सदस्य रहनुभएको छ । लेखासमितिको संयोजकमा झपटबहादुर रानाभाट र सदस्यमा विष्णुमणि बराल, बलराम पौडेल, रामजी पौडेल र दुर्गा थापा सदस्यमा चयन हुनुभएको छ । विधायन समिति संयोजकमा पुष्पेन्द्र पाण्डे तथा सदस्यमा राममोहन आचार्य, प्रेम प्रसाद कर्माचार्य, निर्मल दियाली र गङ्गाबहादुर खत्री चयन हुनुभएको छ। नगरसभाले पोखरा महानगरपालिका आकस्मिक कोष स्थापना तथा सञ्चालन ऐन २०७९, आर्थिक ऐन २०७९ र विनियोजन ऐन २०७९ सर्वसम्मत पारित गरेको छ। यसैगरी पोखरा महानगरको मध्यमकालिन खर्च संरचना पारित गरिएको प्रमुख आचार्यले बताउनुभयो । महानगरको आगामी बजेटका स्रोतमा सङ्घीय सरकार अनुदान रु दुई अर्ब ५८ करोड ८६ लाख, प्रदेश सरकार अनुदान ११ करोड २८ लाख, आन्तरिक आम्दानी रु तीन अर्व एक करोड रहेको रहेको छ। यसैगरी सङ्घीय राजस्व बाँडफाँटबाट रु ३७ करोड ३७ लाख, प्रदेश राजस्व बाँडफाँट रु एक करोड ४२ लाख ५२ हजार र न्यून हुन जाने रु दुई अर्ब ४० करोड ८१ लाख बजेट चालु आवको अन्त्यमा बचत हुने मौज्दातबाट व्यहोरिने महानगरले जनाएको छ।

बजेटमा पूर्वाधार विकासतर्फ रु चार अर्ब ५३ करोड ६२ लाख, नगर कार्यपालिका कार्यालयतर्फ रु एक अर्ब २५ करोड ८७ लाख, सामाजिक विकासमा रु दुई अर्ब छ करोड ९२ लाख, शिक्षामा रु एक अर्ब ४९ करोड ३६ लाख, स्वास्थ्यतर्फ रु ५० करोड पाँच लाख, कृषितर्फ रु १६ करोड ७३ लाख ६५ हजार र वडा कार्यालयतर्फ रु ७२ करोड ६० लाख छुट्ट्याइएको छ।

## असारे भाकाको संरक्षणमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पछिल्लो पुस्तामाझ संरक्षणको अभावमा असारे भाका हराउने चासो र चिन्ता बढिरहेका अवस्थामा पोखरा महानगरपालिका-३३ भरतपोखरीमा आयोजित एक कार्यक्रममा यसको संरक्षणमा वक्ताहरूले जोड दिएका छन् ।

सिर्जना र असार समूह साहित्य शृङ्खलाअन्तर्गत आयोजित कार्यक्रममा वक्ताले नेपाली मौलिकताले युक्त असारे भाकालाई नयाँ पुस्तामाझ पुऱ्याउनुपर्नेमा जोड दिइयो । पोखरा साहित्य प्रतिष्ठानका कुलपति पदमराज ढकालले असारे भाकालाई जीवन्त राख्नका लागि संरक्षण हुनुपर्ने बताउनुभयो। उक्त अवसरमा उहाँले असारे भाकाका गीत प्रस्तुत गर्नुभएको थियो । सिर्जना र असार समूह साहित्य शृङ्खला पोखराका संयोजक स्ट्रगल रानाले असारे भाकाको संरक्षणका लागि प्रयास गरिएको बताउनुभयो। कार्यक्रममा माधव खतिवडा, विष्णुहरि पौडेल, बसन्धरी भुवाइको समूह, सङ्गम सांस्कृतिक समूह, शिव अधिकारी, ज्ञानु आचार्य, भीमराज आश्रम, भीम रानाभाटलगायतका स्रष्टाले रचना वाचन गर्दै आ-आफ्ना प्रस्तुति राख्नुभएको थियो । सरस्वती टीका माध्यमिक विद्यालयका अध्यक्ष ऋषिराज आचार्य, काजी गाउँले, संस्थाका परिकल्पनाकार धनबहादुर तामाङ, स्थानीय धनबहादुर भुजेल, हेमबहादुर थापा किरणलगायतले असारे भाकाको मौलिकता जोगाउनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो।

## सांसद र मन्त्रीकै दबाबमा पूर्वाधार विकास कार्यक्रम समेटिने

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

गण्डकी प्रदेशमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले बजेटमा हटाए पनि सांसद र मन्त्रीहरुकै दबाबमा पूर्वाधार विकास कार्यक्रम समेटिने भएको छ। असार १ गते प्रस्तुतः गरेको बजेट भाषणमा उक्त कार्यक्रम हटाए पनि चौतर्फी दबाबले गर्दा बाध्य भयर पूर्वाधार विकास कार्यक्रम समेटिनु पर्ने अबस्था आएको मन्त्री बरालले प्रदेश सभाको बैठकमा जानकारी गराए।



३५ अर्ब ९० करोड ९० लाखको बजेट प्रस्तुतः गरेका मन्त्री बराललले अर्थ विभिधबाट पूर्वाधार विकास कार्यक्रम मार्फत बजेट व्यबस्थापन गर्ने बताएका हुन्। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम हटाउनु केही बर्ष पहिला नै आफ्नो पार्टी माओबादी केन्द्र सत्तामा हुदा नै बिरोध जनाएका मन्त्री बराललले हाल दबाब आएसंगै आफ्नो निर्णय कार्यान्वयन गर्न कठिन भएको बताए। आफ्नो विचार भने फरक भए पनि माननीय ज्यूहरुको उक्त कार्यक्रमबाट नहटाउन दबाब र आग्रह गरेकोले आफुहरुले पूर्वाधार विकास कार्यक्रम समेटिनु परेको मन्त्री बरालको भनाई छ । गण्डकी प्रदेशमा हाल ५८ जना सांसदहरु रहेका छन भने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा भने एक निर्वाचनमा २ करोड खर्च गर्न पाउने व्यबस्था रहेको थियो। मन्त्री बराललले सदनमा नेपालको संविधानको धारा ५९ को उपधारा १ ले प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने, वार्षिक बजेट ल्याउने, निर्णय गर्ने र नीति योजना तयार गर्ने र कार्यान्वयन गर्ने अधिकार, धारा ५९ को उपधारा ७ ले घाटा बजेट बनाउन सक्ने अधिकार गरेर बजेट ल्याएको प्रष्ट पारे।

त्यसै गरी धारा २०३ को उपधारा २ ले संघीय कानुन बाहेक कुनै ऋण लिन नपाउने व्यवस्था र धारा २५१ को उपधारा १ को खण्ड च ले आन्तरिक ऋणको सीमा निर्धारण गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था गरेको उनले जनाए । त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १४ को उपदफा १ मा आयोगले गरेको सिफारिसको सीमाभित्र नेपाल सरकारसङ्ग पुर्व सहमति लिइ आन्तरिक ऋण लिनसक्ने व्यवस्था समेत मन्त्री बरालको भनाई छ। दफा १५ को उपदफा १ मा नेपाल सरकारले प्रदेशलाइ ऋण दिनसक्ने स्पष्ट व्यवस्था गरेकोले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को यी दुइ व्यवस्थाले पनि आन्तरिक ऋण र नेपाल सरकारले दिने ऋण दुइ फरक फरक प्रकृतिका ऋण हुन भन्ने विषय प्रष्ट गरेको मन्त्री बरालको दाबी छ । नेपालको संविधानको धारा ५९ को उपधारा १, धारा ५९ को उपधारा ७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २३ को उपदफा १ र गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७८ को दफा १४ को प्रावधान बमोजिम गण्डकी प्रदेश सरकारले आव २०७९/८० को बजेटमा रू २ अर्व घाटा बजेटको रूपमा पेश गरेको उनको भनाई छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐनकै दफा २३ को उपदफा २ कमोजिम घाटा बजेट पुर्ती गर्ने स्रोतमा बजेटमा स्पष्ट रूपबाट १ अर्व आन्तरिक ऋण र १ अर्व नेपाल सरकारबाट लिइने ऋणलाइ आधार बनाइएको मन्त्री बराललले जनाए। गण्डकी प्रदेशको लागि आगामी आवको बजेटको स्रोत मध्ये रू ९ अर्व २३ करोड ९२ लाख राजश्वको बाँडफाँटबाट प्राप्त रकम र रू ५ अर्व ९ करोड १६ लाख आन्तरिक आय गरी कुल रू १४ अर्व ३३ करोड ८ लाख जम्मा आम्दानी हुने मन्त्री बराललले विश्वास व्यक्त गरे। वित्त आयोगको सिफारिस बमोजिम आन्तरिक ऋण लिन पाउने १२ प्रतिसत रकम भनेको रू १ अर्व ७१ करोड ९६ लाख भएको उनको भनाई थियो।

मन्त्री बराललले भने "आव २०७८/७९ मा पनि सोही बमोजिमको ऋणको व्यवस्था गरिएको थियो तर प्रदेशको जम्मा आय १२ अर्व ६२ करोड मात्र थियो, त्यो बेला पनि वित्त आयोगले ध्यानाकर्षण गराउन आवश्यक ठानेन ।" आव २०७७/७८ मा प्रदेश १ ले त अझ ५ अर्वको ऋण स्रोतको रूपमा उल्लेख गरेको मन्त्री बरालको भनाई थियो । मन्त्री बराललले भने "मैले गरेको यो अभ्यास अहिलेकै प्रतिपक्षहरू सत्तपक्ष हुँदा गरेको अभ्यासकै निरन्तरता हो, तत्कालिन समयमा यही कार्य संविधानसम्मत/नियमसम्मत भयो, वित्त आयोगलाइ पनि त्यही लाग्यो अहिले संविधानको प्रतिकुल कसरी ? समृद्ध प्रदेश कसरी बनाउने भन्ने विषयमा बहस केन्द्रीत गरौं भन्ने आग्रह गर्न चाहन्छु ।" सदनमा बोल्ने सांसदहरुले कसैका बाबु र आमाको स्मृतिमा बजेट विनियोजन गर्नु प्रदेश सरकारको गलत निर्णय भएको एउटै वडामा २५ करोड भन्दा बढी बजेट विनियोजन हुनु बजेट असमान ढंगले वितरण भएकोमा आलोचना गरेका थिए।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# नेपाली सेनालाई राष्ट्रिय इण्डोर हक्की प्रतियोगिताको दोहोरो उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असार**

नेपाली सेनाको टोलीले प्रथम इन्डोर हक्की प्रतियोगितामा दोहोरो उपाधि जितेको छ । शनिबारदेखि पोखरा रंगशालामा संचालन भएको प्रथम इन्डोर हक्की महिला/पुरुष प्रतियोगितामा सेनाले दोहोरो उपाधि जितेको हो ।

आइतबार भएको पुरुष तर्फको इन्डोर हक्की प्रतियोगितामा नेपाली सेनाले सुदुर पश्मि प्रदेशलाई पराजित गरी उपाधि जितेको छ । फाइनल खेलमा सेनाले सुदुर पश्मि प्रदेशको टिमलाई २–० को गोल अन्तरले पराजित गरेको हो । सेनाका राजेन्द्र कार्की र प्रदिप राजवंशीले एक एक गोलको योगदान दिए । प्रदेश १ ले मधेश प्रदेशलाई ३–१ को गोल अन्तरले पराजित गर्दै तेश्रो भयो ।

उक्त प्रतियोगिता अन्र्तगत पुरुष तर्फको फाइनल खेल संचालनकै क्रममा करिब डेढ घण्टा खेल स्थगित भएको नेपाल हक्की संघका उपाध्यक्ष हिमाल खड्काले जनाए । फाइनल खेल सकिन १३ मिनेट बाँकी छदाँ पोखरा रंगशालाको खेल संचालन भएको बहुउद्धेश्यीय कभर्ड हलमा आगो लागेका कारण खेल स्थगित भएको थियो ।

देशकै ठुलो रंगशालामा इलेक्ट्रिसियन कर्मचारी नहुदा यस्ता आगो लागीको खतरा हुन सक्ने खेलकुदकर्मीले बताएका छन् । यसैबिच महिला तर्फको इन्डोर हक्की प्रतियोगितामा पनि नेपाली सेनाले उपाधि जित्न सफल भयो । १५/१५ मिनेटको निर्धारित समय र अतिरिक्त समयमा पनि दुबै तर्फ गोल हुन नसके पछि टाईब्रेकरमा खेल पुगेको हो । टाईब्रेकरमा सेनाले सुदुर पश्चिम प्रदेशको टोलीलाई ३–२ गोल अन्तरले पराजित गरेको हो । महिला तर्फ मधेष प्रदेशलाई ४–० को गोल अन्तरले हराउदै घरेलु टिम गण्डकी प्रदेश भने तेश्रो भयो । विजेता खेलाडीहरुलाई राखेप सदस्य राजेश गुरुङ, गण्डकी प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोजकुमार गुरुङ, संघका बरिष्ठ उपाध्यक्ष अनिल प्रसाद शर्मा, उपाध्यक्ष मनिष झा लगायतले पुरस्कार वितरण गरेका थिए । उक्त कबर्ड हलमा आइतबार दीउसो करिब ४:०५ बजे हलको उत्तर पुर्वको भागमा विद्युत सर्ट भई आगलागी भएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए ।

आगोलागी भए पश्चात प्रहरी, स्थानिय, खेलाडी र दम्कलको सहायतामा एक घण्टामा आगो नियन्त्रणमा आएको राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश गुरुङले बताए । राष्ट्रिय स्तरकै खेलकुद प्रतियोगिता संचालनकै क्रममा आगो लागी भएको बिषयले आफुहरुलाई गम्भिर बनाएको उनले जनाए ।

आगो लागी भएको बिषयमा प्रमुख योगीले राखेपका सदस्य सचिव टंकलाल घिसिङ लगायतलाई जानकारी गराएको बताए । केही बर्ष अघि उक्त कवर्ड हल करिब १४ करोडको लागतमा निर्माण भएको हो । उक्त कभर्ड हलमा आगो लाग्न साथ तत्काल पोखरा महानगरको दम्कल समयमै आएको कारण सामान्य क्षति भएको योगीले जनाए ।

# चरक अस्पतालमा स्याङ्जा गण्डकी यातायातका सवारीलाई छुट

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असार**




स्याङ्जा गण्डकी यातायात प्रा.लि.मा आवद्ध सवारी साधनहरुले भईपरि आउने दुर्घटनाको उपचारमा विशेष छुट पाउने भएका छन् ।

पोखरामा स्याङ्जा गण्डकी यातायात प्रा. लि. र पोखरा-८ स्थित चरक मेमोरियल अस्पतालविच भईपरि आउने दुर्घटना तथा उपचारसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा चरक मेमोरियल अस्पतालका प्रवन्ध निर्देशक कपिल पोखरेल र प्रा.लि.का कोषाध्यक्ष महेश बहादुर थापाले हस्ताक्षर गरेका हुन् ।

स्याङ्जा गण्डकी यातायातमा आवद्ध सवारीमा भईपरि आउने दुर्घटनाका घाइते भएकाहरुको अस्पतालले औषधोपचारमा विशेष छुट दिने सहमती भएको छ ।

यस्तै प्रालिमा आवद्ध कर्मचारी तथा उनीहरुका परिवारको दुर्घटना तथा अन्य उपचारमा पनि विशेष छुट सहित उपचार गरिने सम्झौतामा भएको प्रा.लिका महासचिव भानुभक्त बरालले जानकारी दिए ।

# राष्ट्रियस्तरको खुला कविता प्रतियोगितामा १५ कविता छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, २६ असार**

आदिकवि भानुभक्त आचार्यको २०९औं जन्मजयन्तीका अवसरमा राष्ट्रियस्तरको खुला कविता प्रतियोगितामा ११ जिल्लाका १५ कविता छनोट भएका छन् ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समिति तनहुँद्वारा आयोजित राष्ट्रियस्तरको खुला कविता प्रतियोगितामा वाचनका लागि प्राप्त भएका कवितामध्ये ती कविता छनोट भएका हुन् । आचार्यको जन्मजयन्तीका अवसरमा यही असार २८ गते खुला कविता प्रतियोगिता हुन गइरहेको छ ।

कविले स्वयं उपस्थित भई कविता वाचन गर्नुपर्नेे समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाटले जानकारी दिनुभयो । प्रतियोगितामा कविता वाचनका लागि पर्वत, मोरङ, कास्की, नवलपुर, अछाम, रामेछाप, कपिलवस्तु, बारा, खोटाङ, पाल्पा र रुपन्देहीका कवि सहभागी हुने बताइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई रु २० हजार, द्वितीय हुनेलाई रु १५ हजार, तृतीय हुनेलाई रु १० हजार र सान्त्वना हुने दुई जनालाई जनही रु पाँच हजारका दरले पुरस्कार प्रदान गरिनेछ । कविता नेपाली भाषामा लेखिएको हुनुपर्नेछ । विसं १८७१ असार २९ गते भानु नगरपालिका-४ चुँदीरम्घामा आचार्यको जन्म भएको थियो । भानु जयन्तीका अवसरमा गण्डकी प्रदेश सरकारले असार २९ गते सार्वजनिक बिदासमेत दिएको छ । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविका रुपमा परिचित भानुभक्त वाल्मिकी रामायणका अनुवादकका रुपमा पनि उत्तिकै प्रख्यात छन् । मोतिराम भट्टले उनलाई पहिलोपटक नेपाली भाषाका आदिकवि उपाधि दिएका थिए । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, बधुशिक्षालगायत कृति लेखेका छन् । उहाँका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतीरामले पुस्तकाकारमा प्रकाशित गरेपछि नेपाली साहित्यमा चिनिनु भएको हो ।

# गाँउपालिका जलचर संरक्षण अभियानमा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २६ असार**



अर्जुनचौपारी गाउँपालिकाले जलचर (माछा) संरक्षण गर्ने अभियान संचालन गरेको छ । गाँउपालिकाको मध्यभागबाट बग्ने दरौखोलामा बिभिन्न जातका १० हजार माछाका भुरा छोडेर जलचरको संरक्षण अभियानको शुरुवात गरेको हो ।

मत्य बिकास केन्द्र मिर्मीको सहयोगमा अर्जुनचौपारी पालिकाले रहु जातका माछा तीन हजार, नैनी जातका तीन हजार र गरदी जातका माछा चार हजार भुरा दरौखोलमा संरक्षणका लागि छोडेको जनाएको छ । दरौखोला, केवरेखोला र दिर्जे खोलालाई माछापालनबाट आर्थिक आर्जनमा पनि जोड्न सकिने र माछाको संरक्षण पनि हुने भएकाले पालिकाको पहलमा माछाका भुरा छाडिएको गाँउपालिका अध्यक्ष प्रकाश तिवारीले बताए । जलचरको संरक्षणमा पालिका लाग्ने नीति तथा कार्यक्रम गाँउपालिकाले ल्याएको थियो । अबको १५ दिनमा थप पाचँ हजार माछाका भुरा छोडिने र खोलालाई पालिकाको आर्जनका माध्यम बनाउने तिवारीले बताए । पछिल्लो समय खोला दोहन गर्नेक्रम बढेको छ अध्यक्ष तिवारीले भने,'जसले गर्दा जलचर लोभहुने अवस्थामा पुगेको छ ।' जलचरको संरक्षण पनि हुने आम्दानीको श्रोत पनि हुने भएकाले यो अभियानको थालनी गरेका हौं उनले भने । धेरै ठाउँमा खोलालाई माछा मार्फत आय आर्जनमा जोडिएको र बिज्ञ सगँको छलफल गरेर खोलामा माछाका भुरा छाडेको बताउदै अध्यक्ष तिवारीले पालिकाले खोलाको तीन किलोमिटर क्षेत्रमा चार ठाउँमा भुरा हालेको बताए । पालिकाले आगामी आर्थिक बर्षमा एक लाख भुरा खोलामा छाड्ने योजना बनाएको छ । खोलमा माछाका भुरा हालेसगै पालिकाले कुनै पनि तवरले खोलाका माछा मार्ने कार्य निषेध गरिएको प्रमुख प्रशासकीय अधिकृत उज्ज्वल बहादुर बस्नेतले बताए । परम्परागत रुपले माछा मारी जीविकोपार्जन गरिरहेका समुदाय तथा व्यक्तिहरुले समेत माछा मार्न नपाउने र दैनिक जीविको पार्जनमा कठिनाई उत्पन्न हुने अवस्था आईपरेमा पालिकाले राहत उपलब्ध गराउने उनले बताए । जीविको पार्जनमा कठिनाइ भएका व्यक्ती वा समुदायलाई पालिकाकामा राहतका लागि निवेदन दिन पालिकाले सूचित समेत गरेको छ । पालिकाले जिल्ला प्रशासन कार्यालय, भीरकोट नगरपालिकाको कार्यालय र अर्जुनचौपारी प्रहरी चौकीलाई समेत माछा मार्न निषेध गरिएको विषयमा जानकारी गराउँदै आवश्यक सहयोगका लागि आग्रह गरेको छ । पालिकाको आग्रह र निर्देशन विपरीत माछा मारेको भेटिएमा वा खबर पाईएमा कानून बमोजिम कारवाही गरिने व्यहोराको सुचना जारी गरिएको पालिकाले जनाएको छ ।

# आगामी निर्वाचनमा एकीकृत समाजवादी पार्टी निर्णायक : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, २६ असार**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आगामी निर्वाचनमा एकीकृत समाजवादी पार्टी निर्णायक भएको बताउनुभएको छ । आइतबार कैलालीको धनगढीमा आयोजित एकीकृत समाजवादी पार्टी जिल्ला कमिटीको तेस्रो पूर्ण बैठकमा उहाँले आफ्नो पार्टी स्थानीय तहको निर्वाचनमा राष्ट्रिय पार्टीका रूपमा स्थापित भइसकेकाले निर्णायक शक्तिका रूपमा रहेको बताउनुभयो ।

अध्यक्षले नेपालले गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा गठबन्धन गर्दा समाजवादीलाई घात भएको उल्लेख गर्दै सबैभन्दा बढी लाभ नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) लाई भएको बताउनुभयो । उहाँले आगामी सङ्घ र प्रदेशको निर्वाचनमा गठबन्धनको भर पर्नुभन्दा एक्लै शक्ति आर्जन गरेर निर्वाचनमा होमिन तयार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले सङ्गठनका बलमा नै निर्वाचन जितिने भएकाले सङ्गठन निर्माणमा सबै तहका कार्यकर्ता जिम्मेवार भएर लाग्नुपर्ने निर्देशन दिनुभयो । आगामी सङ्घ र प्रदेशको निर्वाचनमा आवश्यकताअनुसार तालमेल हुन सक्ने उहाँको भनाइ थियो ।

# तनहुँमा ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण बुझाएनन्

**पोखरापत्र संवाददाता**
**दमौली, २६ असार**

निर्वाचन परिणाम सार्वजनिक भएको एक महिना बितिसक्दा पनि तनहुँमा ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण बुझाउन अटेर गरेका छन् । स्थानीय तह निर्वाचनको परिणाम सार्वजनिक भएको एक महिनाभित्र खर्च विवरण बुझाउनुपर्ने कानुनी प्रावधान रहे पनि जिल्लामा ७७ प्रतिशत उम्मेदवारले खर्च विवरण नबुझाएका हुन् ।

दश स्थानीय तहमा एक हजार ६३६ उम्मेदवार रहेकामा ३७२ जनाले मात्रै खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार एक हजार २६४ उम्मेदवारले खर्च विवरण बुझाएका छैनन् । 'खर्च विवरण बुझाउन सूचना प्रकाशित गऱ्यौं, तोकिएको मितिभित्र सबै उम्मेदवारले खर्च विवरण बुझाउनुभएन', ढकालले भन्नुभयो, 'खर्च विवरण नबुझाउनेलाई निर्वाचन आयोगले कारबाही गर्छ ।'

निर्वाचन आयोगले असार मसान्तभित्र विवरण पठाउन निर्देशन दिएको छ । 'हालसम्म खर्च विवरण बुझाउनको विवरण सफ्टवेयरमा भर्दैछौं', उहाँले भन्नुभयो, 'असार महिनाभित्र आउने सबैको विवरण सफ्टवेयरमा भर्छौं, त्यसमा कहिले बुझाएको भन्ने मिति राखिनेछ ।' नगरप्रमुख, उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, वडाध्यक्षले रु दुई लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष उम्मेदवारले रु तीन लाख ५० हजार र अन्यले रु एक लाख ५० हजारसम्म खर्च गर्न पाइने आयोगले व्यवस्था गरेको थियो । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (२), स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचारसंहिता बमोजिम उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने हुन्छ ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# महानगरको बजेटमा सर्वसम्मति

प्रदेश सरकारको बजेटबारे बल्लतल्ल प्रदेश सभामा छलफल शुरु भएको छ । प्रदेशले बजेट प्रस्तुत गरेको १० दिनभित्र पालिकाले बार्षिक नीति तथा कार्यक्रम र बजेट पेश हुने ब्यवसथा छ । प्रदेशले पालिकाहरुलाई मार्गदर्शन गर्न सकुन् भन्ने सोचेर राखिएको व्यवस्था हो । नेपाली उखान 'जो अगुवा उहीं बाटोमा...' जस्तै अवस्था प्रदेशले देखाएका छन् । कतिपय पालिकामा बजेट पारित गरिसक्नुपर्ने बेला पेश नै हुन सकेको छैन । प्रमुख र उपप्रमुखबीचको खिचातानी हुँदा समस्या परेको छादलहरूबीच सहमति जुट्न नसक्दा पनि बजेट पारित हुन सकेको छैन । पोखरा महानगर पालिकामा बजेट पेश हुने दिनमा अपरिपक्व व्यवहार भए पनि पछि गल्ती सच्याएर अघि बढेको हो । राजनीतिक मनमुटाव बढ्न नदिएको कारण पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को ११ औं नगरसभामा पेश गरेको बजेट पारित भएको छ ।

असार १० गते पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले रु ८ अर्ब ७७ करोड ७५ लाख ५५ हजार बराबरको बजेट सभामा पेश गरेकी थिइन । सभामा पेश भएको बजेट आइतबारको बसेको नगरसभाले छलफलपछि सर्वसम्मतले पारित गरेको छ। अहिले बजेट सर्वसम्मत पारित भएको समाचार अनौठो मान्नुपर्ने भएको छ । महानगरका मेयर एवं सभाध्यक्ष धनराज आचार्यले बजेट पारितका लागि सभामा निणयार्थ पेश गरेका थिए । उक्त प्रस्ताव सभाले सर्वसम्मत पारित गरेको छ । महानगरपालिकाले आगामी वर्ष चालू वर्षको भन्दा रु दुई अर्ब ३६ करोड ६५ लाख ५५ हजार बढी बजेट ल्याएको छ । चालू आवमा महानगरको बजेट रु छ अर्ब ४१ करोड १० लाख थियो । नगसभाले पोखरा महानगरपालिका आकस्मिक कोष स्थापना तथा सञ्चालन ऐन २०७९, आर्थिक ऐन २०७९ र विनियोजन ऐन २०७९ सर्वसम्मत पारित गरेको छ ।

यसैगरी पोखरा महानगरको मध्यमकालिन खर्च संरचना (२०७९/८०-०८१/८२) पारित गरेको छ । महानगरको आगामी बजेटका स्रोतहरुमा संघीय सरकार अनुदान रु दुई अर्ब ५८ करोड ८६ लाख, प्रदेश सरकार अनुदान ११ करोड २८ लाख, आन्तरिक आम्दानी रु तीन अर्ब एक करोड रहेको रहेको छ । यसैगरी संघीय राजस्व बाँडफाँटबाट रु ३७ करोड ३७ लाख, प्रदेश राजस्व बाँडफाँट रु एक करोड ४२ लाख ५२ हजार र न्यून हुन जाने रु दुई अर्ब ४० करोड ८१ लाख बजेट चालू आवको अन्त्यमा बचत हुने मौज्दातबाट व्यहोरिने महानगरले जनाएको छ । बजेटमा विकास निर्माणका काम पुरा हुन सक्दैनन् भन्ने ज्वलन्त उदाहरण हो ।

बजेटमा पूर्वाधार विकासतर्फ रु चार अर्ब ५३ करोड ६२ लाख, नगर कार्यपालिका कार्यालयतर्फ रु एक अर्ब २५ करोड ८७ लाख, सामाजिक विकासमा रु दुई अर्ब छ करोड ९२ लाख, शिक्षामा रु एक अर्ब ४९ करोड ३६ लाख, स्वास्थ्यतर्फ रु ५० करोड पाँच लाख, कृषितर्फ रु १६ करोड ७३ लाख ६५ हजार र वडा कार्यालयतर्फ रु ७२ करोड ६० लाख छुट्टाइएको छ । पोखरा महानगरपालिकाले कृषि तर्फ ध्यान दिन सकेको छैन । पोखरामा तरकारी, फलफूल, खाद्यान्न, माछा, मासु,बाहिरबाट आयात हुने हुँदा उत्पादन बढाउने तर्फ सोचाइ पुऱ्याउन सकेको छैन । बजेटमा सुशासन र बजार व्यवस्थापनलाई प्राथमिकतामा नराखेको हुँदा भौतिक पूर्वाधारले मात्रै नागरिकका आकांक्षा पुरानो गर्ने सकिदैन । कृत्रिम अभाव खडा गरि मुल्य बढाउने,कालोबजारी गर्ने र गुणस्तरहीन बस्तु तथा सेवा दिनेलाई कानुनी कार्वाही गर्ने तर्फ कार्यक्रम र बजेटमा मौन देखिँदा महंगीको मारमा परेका जनताको पक्षमा न्याय गर्ने नसक्नु बजेटको कमजोरी हो ।

# प्रधानमन्त्रीज्यू देश र जनताका हितमा निर्णय लिन हात नकमाउनुहोस्



**युव राज खनाल**

समाजवाद विश्वव्यापी बौद्धिक आन्दोलनको परिचयात्मक शब्द हो । यस आन्दोलनको तात्पर्य समाजका आर्थिक संगठनहरूले गरेका आर्थिक शोषण र त्यसबाट उत्पन्न सामाजिक विकृतिको अन्त्य गरी पूर्ण स्वतन्त्रताको वातावरणमा मानव विकासको मार्ग विस्तृत बनाउनु हो । समाजवादले समाजमा भएका असमानताको अन्त्य गरी समानन्यायका आधारमा वितरण र अवसरलाई प्राथमिकता दिँदै सामाजिक परिवर्तन तथा रूपान्तरणका लागि वातावरण बनाउँछ । समाजवाद कुनै एकै खाले परम्परा होइन ।

सभ्यता र संस्कृतिको बहुमुखी आन्दोलन तथा अभिव्यक्तिबाट प्रकट भएको समाजवादलाई परम्पराको एउटा पातलो धागोमा उन्न खोज्नु भनेको यसलाई अत्यन्त संकुचित पार्ने प्रयास गर्नु हो । मानव जीवनको सामूहिक संघर्षपश्चात् प्राप्त परिवर्तन र उपलब्धिहरूलाई सभ्यता भनिन्छ र त्यसको चरमविन्दु समाजवाद हो । बीपीकै भाषामा भन्नुपर्दा, राजनीतिक र आर्थिक समानताको आन्दोलनका लागि प्रेरणा दिनु समाजवादको मुख्य लक्ष्य हो । सामाजिक संरचना भौतिक हो, आध्यात्मिक होइन । समाजका सदस्यहरूको कल्याण गर्नु र सुरक्षा प्रदान गर्नु समाजवादको उद्देश्य हो । हरेक मानिसका इच्छा र आकांक्षा प्रायः समान हुन्छन्, त्यसकारण सबैले व्यक्तित्व विकासमा समान अवसर पाउनुपर्छ । समाजवादले राजनीतिक र आर्थिक पाटोलाई स्वीकार गर्छ । राजनीतिक समाजवाद प्रजातन्त्र वा लोकतन्त्र हो र यो व्यवस्थाले विद्यमान सामाजिक संरचनालाई परिवर्तन गरी नयाँ संरचनामा समाजलाई डोर्याउने सरकारको परिकल्पना गर्छ ।

र, यसरी बन्ने सरकारको प्रतिनिधित्व जनताले गर्नुपर्छ । जनचाहना अनुरूपको नीतिनियम र व्यवस्था जनप्रतिनिधिहरूबाट मात्रै सम्भव छ र उनीहरूबाटै विकासको गतिलाई तीव्र पार्न सकिन्छ । समाजवादको अर्थलाई सबै मुलुकले एकै रूपले व्याख्या गरे पनि राजनीतिक र आर्थिक समानताको उपलब्धि वा अनुपलब्धिमा मात्रात्मक फरक पर्छ । वर्गभेद लोप गराउनु, जनतालाई व्यवहारमा समानता उपलब्ध गराउनु, उद्योगधन्दाको सामाजिकीकरण र आमजनताको धेरैभन्दा धेरै कल्याण हुने किसिमले सञ्चालन गर्नु, उत्पादन एकलौटी हुन नदिनु आदि समाजवादका लक्ष्य हुन् । बीपी भन्नुहुन्थ्यो, 'समाजवादका दुई पोया छन् । एक राजनीतिक स्तरमा प्रजातन्त्र, अर्को आर्थिक क्षेत्रमा गरिब जनतालाई न्याय दिने खालको विकास ।'

बीपीद्वारा प्रादुर्भाव नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक समाजवादले समाजका सबै वर्गको समान हक-अधिकार र विकासलाई सँगसँगै लगेको स्पष्ट देखिन्छ । नेपालमा गाउँ नै गाउँ भएको र विभिन्न जातजाति बस्ने भएकाले ग्रामीण जनताका लागि लक्षित गरिएको विकास साँचो अर्थमा विकास हुन्छ । सहरको विकासमा मात्र जोड दिँदा वास्तविक समाजवाद अपनाएको मानिँदैन र त्यसलाई विकास पनि मानिँदैन । परिवर्तन चाहने बीपीको यही क्रान्तिकारी विचारले सबैलाई आकर्षित गरेको हो । विकास र समृद्धिका लागि बालबालिका, युवा, महिला र ज्येष्ठ नागरिक सबैको अधिकारको सुनिश्चितता हुनुपर्ने बीपीले स्पष्ट रूपमा भन्नुभएको छ। उहाँ युगान्तकारी परिवर्तनका संवाहक रहनुभयो ।

हिटलर र मुसोलिनीजस्ता तानाशाह र गान्धीजस्ता समाजवादी नेताका समयमा बीपीको उदय भएको हो । उहाँले नेपालको भूराजनीतिक यथार्थको विश्लेषण गर्दै दुई ठूला राष्ट्रसँगको मित्रतालाई अझ गाढा र सुमधुर बनाउन अवलम्बन गर्नुभएको परराष्ट्र नीति अझै त्यत्तिकै सान्दर्भिक छ । प्रजातान्त्रिक समाजवादबारे संसारका ठूलठूला विश्वविद्यालयमा पढाउने र समाजवादको सिद्धान्तमा प्रशस्त व्याख्या गर्न सक्नेहरूको कमी छैन । नेपालको संविधान, २०७२ को निर्माणका बेला सभासद्हरूलाई विभिन्न देशमा लगेर तालिम दिइयो । अरू देशको अनुभव पनि अध्ययन गराइयो । यसरी मिहिनेत गरेकाले संविधानमा सबैको अधिकार संरक्षण गर्यौं भन्ने भान हामीलाई परेको छ । संविधानको मौलिक हकमा उल्लेख गरिएका शिक्षा, स्वास्थ्य र रोजगारको अधिकारलाई सुनिश्चित गरेरअग्रगामी परिवर्तन गर्यौं भन्ने ठानेका छौं । तर यो विषय बीपीले लगभग ६५ वर्षअघि नै परिकल्पना गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो– हरेक जनताको एउटा घर होस्, बालबच्चालाई विद्यालय पठाउने वातावरण होस्, बिरामी पर्दा औषधिमूलो गर्ने पैसा होस् अनि आफ्नो श्रम र सीपको उपयोग गर्न पाउनुपर्ने व्यवस्था । यसको सान्दर्भिकता र उपयोगिता अहिले पनि त्यत्तिकै छ । आमजनताले बुझ्ने सरल भाषाको उहाँको अभिव्यक्तिलाई परिस्कृत गरी संविधानमा उल्लेख गरियो । तर उक्त प्रावधान अर्थात् जनताको अधिकार र सेवा-सुविधामा सरकारले हदैसम्मको लापरबाही गरेकाले विगतका जनआन्दोलनको मर्म र भावनाको धज्जी उडेको छ ।

उहाँको विचार र सिद्धान्तलाई 'बीपीवाद' कै रूपमा मानेर नेपाली काङ्ग्रेसले विधान र घोषणापत्रमा प्रजातान्त्रिक समाजवादको उल्लेख गर्यो । तर कागजी रूपमा मात्रै काङ्ग्रेसले उहाँको विचारलाई अंगीकार गरेजस्तो देखिन्छ । उहाँकै सिद्धान्त र प्रेरणाले सशक्त बनेको काङ्ग्रेस २०४७ सालको जनआन्दोलन सफल भएपछि सत्तामा पुग्यो । त्यसपछि सत्ताको लालसामा बहेर काङ्ग्रेस सिद्धान्त र विचारको राजनीति छोडी व्यक्तिवाद र मनोगत चिन्तनमा अलमलियो । आफू केन्द्रित राजनीतिमा नेतृत्व वर्ग नै व्यस्त भएकाले कार्यकर्तामा सिद्धान्त, विचार, चिन्तन र नाराभित्रको शाब्दिक अर्थ र ज्ञानभन्दा पनि राजनीतिक रूपान्तरण व्यक्तिगत आर्थिक परिवर्तनबाट हुने विचार हाबी भयो । अहिल

उहाँको विचार र सिद्धान्तलाई 'बीपीवाद' कै रूपमा मानेर नेपाली काङ्ग्रेसले विधान र घोषणापत्रमा प्रजातान्त्रिक समाजवादको उल्लेख गर्यो । तर कागजी रूपमा मात्रै काङ्ग्रेसले उहाँको विचारलाई अंगीकार गरेजस्तो देखिन्छ । उहाँकै सिद्धान्त र प्रेरणाले सशक्त बनेको काङ्ग्रेस २०४७ सालको जनआन्दोलन सफल भएपछि सत्तामा पुग्यो । त्यसपछि सत्ताको लालसामा बहेर काङ्ग्रेस सिद्धान्त र विचारको राजनीति छोडी व्यक्तिवाद र मनोगत चिन्तनमा अलमलियो । आफू केन्द्रित राजनीतिमा नेतृत्व वर्ग नै व्यस्त भएकाले कार्यकर्तामा सिद्धान्त, विचार, चिन्तन र नाराभित्रको शाब्दिक अर्थ र ज्ञानभन्दा पनि राजनीतिक रूपान्तरण व्यक्तिगत आर्थिक परिवर्तनबाट हुने विचार हाबी भयो । अहिले काङ्ग्रेसको सिद्धान्त विस्मृत हुन पुगेको छ ।

बीपीपछि काङ्ग्रेस सत्ताप्राप्तिसँगै भूमण्डलीकरण र निजीकरणको नाममा समाजवादी सिद्धान्त र संस्कारप्रति निष्ठावान् रहेन । दुःखमा हजारौं साथीको साथ र सहयोग प्राप्त गरेको नेतृत्व सरकारमा पुगेपछि सत्ताको स्वादमा रमाउँदै भौतिक सुविधामा रुमलिँदा सिद्धान्त र विचारको राजनीति कुण्ठित हुन पुग्यो । आन्दोलनपश्चात् प्राप्त परिवर्तनहरूलाई एकीकृत गर्दै सबै वर्गलाई मूलधारमा समावेश गर्न नसक्नुले व्यवस्थालाई समाजवाद-उन्मुख बनाउन सकिएको छैन । प्रजातन्त्र पुनःस्थापनाका लागि त्याग र बलिदान दिने काङ्ग्रेसका हजारौं सदस्यलाई आज 'आउटडेटेड' मानिन्छ । पुस्ता हस्तान्तरणको बहस पनि बेला बेला चर्किरहेको हुन्छ । जोकोही होस्, अग्रजले आर्जेको प्रजातान्त्रिक समाजवादको पक्षमा निष्ठा, इमानदारी र प्रतिबद्धताका साथ अडिग रहनेहरूमा काङ्ग्रेसको शक्ति गए पुस्तान्तरण र हस्तान्तरणको अर्थ रहन्छ । नेपाली जनताको विश्वास र सद्भाव अन्य पार्टीप्रति कहिल्यै रहेन । काङ्ग्रेसले पनि बीपीको विचारलाई जीवन्तता दिन नसकेकै कारण यसप्रतिको जनविश्वास धरापमा पर्न गएको छ । बीपीको विचारबाट मौलाएको जनविश्वास भोलि पार्टीमा बीपीलाई 'आउटडेटेड' भन्नेहरूको बाहुल्य भए संगठन संकुचित हुन सक्ने यथार्थप्रति सजग हुनु जरुरी छ ।

बीपी भन्नुहुन्थ्यो- राजनीति गर्ने व्यक्ति सरल, सहज र खुला किताब अर्थात् जोगीसरह जनतामा समर्पित हुनुपर्छ। तर अहिले राजनीतिलाई भौतिक सुखसुविधा आर्जन गर्ने थलोका रूपमा प्रयोग गर्दै 'राजनीति जोगी हुन गरिँदैन' भन्नेहरू बढिरहेका छन् । स्थानीय तह देखि केन्द्र सम्म नेपाल सरकारले जनप्रतिनिधिहरुको तलब नै तोकेको छ । नेपाल सरकारले तोकेको तलब भत्तामा संतुष्ट नहुनेहरु स्थानीय तहमै आफ्नो सेवा सुबिधा तोकेका हुन्छन । अझै नपुगेर कयौं जनप्रतिनिधिहरुले गरेका भ्रष्टाचार हाम्रालागी नौला छैनन । प्रदेश सरकार होस या केन्द्रिय सरकार आफ्ना सुबिधा बढाउन कोहि कतै कसैको कमि छैन । विभिन्न समयमा मौलाएका गैरप्रजातान्त्रिक पद्धति र संस्कारले जनता आक्रान्त छन् ।

महङ्गि दिन प्रतिदिन बढ्दो छ । अनियन्त्रित रुपमा बढेको पेट्रोलिय पदार्थको मुल्य सगै बजारमा बढेको महङ्गिले सर्बसाधरण जनताको चुलो बल्नै नसकने अबस्थामा पुगेको छ । हाम्रो जस्तो कृषिप्रधान देशमा बीउ मलको हाहाकार छ।

भनिन्छ शेरबहादुर देउवाको राजनीतिक जिवनको प्रारम्भ बि पि कोइरालाको भेटपछि भएको थियो । बि पि सुन्दरी जल जेलबाट रिहा भएर भारतको बनारस शहरमा निर्वासित जीवन बिताईरहेका थिए । शेर बहादुर देउवा डट्टेलधुराबाट उच्च शिक्षाका लागि काठमाडौ आएका थिए । तात्कालिक अबस्थामा देउवा पनि प्रजातान्त्रिक गतिविधिमा लहसिएका थिए । यहि क्रमश उनी बि पि सग भेटघाट र बिचार बिमर्श गर्ने बनारस पुगेका थिए । बि पि देउवा सगको पहिलो भेटमा नै प्रभावित हुनुभएको थियो । त्यसै बेलादेखि शेरबहादुर देउवा सकृय राजनीति हुम्मिए बि पि का अनुयायी बनेर ।

तर आज बि पि का अनुयायी भएका देउवा यत्तिका समय नेपाली काङ्ग्रेस पार्टीको सभापति र देशका प्रधानमन्त्री हुदा समेत बि पि का परिकल्पना जुन अहिलेसम्म पनि उत्तिकै महत्वपूर्ण देखिन्छन् ती परि पुर्ति हुन सकेका छैनन , कतै अहिलेको काङ्ग्रेस सक्कली काङ्ग्रेस नभएर नक्कली काङ्ग्रेस त हैन एउटा जटिल प्रश्न खडा भएको छ । नेपाली काङ्ग्रेसका आदरणिय सभापति तथा प्रधानमन्त्री ज्यु देश र जनताको हितका लागि निर्णय लिन हात नकमाउनुहोस जनताको आग्रह छ ।

जय नेपाल
शुक्ला-१ तनहुँ, नेपाल

# टोड्के जोड्ने नयाँ पदमार्ग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ असार**

म्याग्दीको पर्यटकीयस्थल टोड्के जोड्ने नयाँ पदमार्ग पहिचान भएको छ ।

मङ्गला गाउँपालिकाले पहिचान गरेको सिमलचौर-लामोछहरा-फलामेगुफा, महादेव गुफा-पूर्णगाउँ हुँदै टोड्के जोड्ने पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर पूर्वाधार निर्माण थालेको हो ।

स्थानीय बासिन्दाले लेकबेँसी गर्न प्रयोग गर्ने बाटोलाई पर्यटकीय पदमार्गका रुपमा विकास गर्न पूर्वाधार बनाउन थालिएको सिमलचौर-टोड्के पदमार्ग निर्माण समितिका सचिव अशोक पौडेलले बताउनुभयो । "चालु आर्थिक वर्षमा मङ्गला गाउँपालिकाले विनियोजन गरेको रु तीन लाख बजेटले सिमलचौरबाट पदमार्ग निर्माण थालिएको छ", उहाँले भन्नुभयो, "सडक बनेपछि विस्थापित भएको पुरानो बाटोलाई पर्यटकीय पदमार्ग बनाउन थालेका हौं ।" यस वर्षको बजेटले प्रवेश बिन्दुमा पर्ने सिमलचौरमा ढुङ्गा, सिमेन्ट र बालुवा प्रयोग गरेर १०० मिटर पदमार्ग बनाइएको सचिव पौडेलले बताउनुभयो । उहाँका अनुसार प्राकृतिक उपचारस्थल तातोपानी भ्रमणमा आउने पाहुनालाई टोड्के र टोड्के पुगेका पर्यटकलाई तातोपानी भित्र्याउन यो पदमार्ग प्रभावकारी हुने अपेक्षा गरिएको छ । बेनी-दरबाङ सडकको सिमलचौरदेखि नेवारे खोलाको दायाँ किनारैकिनार लामोछहरा, फगामेगुफा, महादेव गुफा, पूर्णगाउँ हुँदै टोड्के पुग्ने पदमार्गको बनाउन लागिएको मङ्गला गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले बताउनुभयो । सिमलचौरदेखि दुई घण्टा ५० मिनेट उकालो बाटो हिँडेपछि टोड्के पुग्न सकिन्छ । पदमार्गमा लामोछहरा, फलामे र महादेव गुफा पर्दछन् । अग्लो पहाडबाट खस्ने लामोछहरा आकर्षक र मनमोहक छ । फलामे गुफाबाट परापूर्वकालमा फलाम निकाल्ने गरिएको पदमार्ग निर्माण समितिका अध्यक्ष दीर्घबहादुर खड्काले बताउनुभयो। महादेव गुफाभित्र शिवको मूर्तिलगायत विभिन्न कलात्मक दृष्य अवलोकन गर्न सकिन्छ । समुन्द्री सतहदेखि दुई हजार २०० मिटरको उचाइमा रहेको टोड्के मङ्गला, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा अवस्थित छ । गुराँसको जङ्गलको बीचमा पहाडको टाकुरामा समथर भूगोलमा रहेको सूर्योदय, हिमशृङ्खला, पहाडी भूगोलको दृष्य अवलोकन गर्न सकिन्छ । हाल रघुगङ्गाको भिँ, बेनीको वाखेत, मङ्गलाको पूर्णगाउँ हुँदै टोड्के जाने पदमार्ग र सडक सञ्चालनमा छन् ।

# बेँसीसहर-चामे सडक सञ्चालन

**पोखरापत्र संवाददाता**
**लमजुङ, २६ असार**

बेँसीशहर-चामे सडक मर्मत कार्यका लागि एक हप्ताका लागि बन्द भनिए पनि आइतबार साँझदेखि सवारी सञ्चालनमा आएको छ ।

यस सडकअन्तर्गत मर्स्याङ्दी गाउँपालिका-४ स्याङ्गेमा सडक ढलान कार्य गर्नका लागि एक हप्ताका लागि बिहीबार बिहान ८ बजेदेखि बन्द रहे पनि पुरानो बाटोबाट सडक सञ्चालन भएको हो ।

यो सडक करिब चार दिन भने पूर्णरूपमा बन्द रहेको थियो । जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक जगदीश रेग्मीले भन्नुभयो, 'सो स्थानमा मर्मत एवं ढलान कार्य जारी छ, तर आंशिकरूपमा सवारी सञ्चालनमा आएको छ ।' पुरानो बाटोबाट सवारी सञ्चालन गरेसँगै यतिबेला सवारी आवतजावत भइरहेको उहाँको भनाइ छ ।

स्याङ्गेमा सडक ढलान कार्य जारी रहे पनि सोही स्थान माथि पुरानो सडकबाट सवारी सञ्चालन हुँदा यात्रुहरु हर्षित भएका छन् । डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युतविलास पन्तका अनुसार १५० मिटर सडक ढलान गर्नका लागि अघि बढेको छ । सङ्घीय सरकारको रु ६० लाख बजेटमा श्रीकृष्ण निर्माण सेवाले निर्माण गरिरहेको उहाँको भनाइ छ । ६५ किलोमिटर दूरी रहेको बेँसीसहर-चामे सडक लमजुङतर्फ ३५ किलोमिटर पर्दछ ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाव |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

